# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, साउन १९ गते २०६० साल (अतिरिक्ताङ्क १९


## भाग ३

### श्री ५ को सरकार
### गृह मन्त्रालयको
### सूचना १

#### अध्यागमन (चौथो संशोधन) नियमावली,२०६०

अध्यागमन नियमावली, २०५१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "अध्यागमन ( चौथो संशोधन) नियमावली,२०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अध्यागमन नियमावली २०५१ को नियम ६ मा संशोधनः अध्यागमन नियमावली,२०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (२) मा रहेका "पाँच महिनाको लागि" भन्ने शब्दहरुको सट्टा "एकसय पचास दिनका लागि" भन्ने शब्दरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (ज१) को सट्टा देहायको खण्ड (ज१) राखिएको छ :-

"(ज१) नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको बिदेशी राहदानी बाहक सन्तान नेपालमा कुनै नातेदार भेट्न आउने भएमा,"

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उपनियम (१) झिकिएको छ ।

५. मूल नियमावलीको अनुसूची-९ मा संशोधनः मूल नियमावलीको अनुसूची-९ को क्रमसंख्या (१) को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि पन्ध्र दिनसम्म नेपालमा बसेको पर्यटकलाई सोही भिसा वर्षभित्र पुनः नेपाल प्रवेश गरेमा खण्ड (घ) बमोजिमको अवधिसम्मको लागि भिसा दस्तुर लाग्ने छैन ।

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) खण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्र तथा जनवादी गणतन्त्र चीनका नागरिक र तीन दिन वा सो भन्दा कम अवधिको लागि नेपाल प्रवेश गर्ने बिदेशी पर्यटकलाई भिसा दस्तुर लाग्ने छैन ।"

## सूचना २

## कारागार (नवौं संशोधन) नियमावली, २०६०

कारागार नियमावली, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कारागार ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "कारागार (नवौं संशोधन) नियमावली,२०६० रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. कारागार नियमावली,२०२० मा नियम २०क. थपः कारागार नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० पछि देहायको नियम २०क. थपिएको छः-

"२०क. निर्देशन र नियन्त्रणः कारागारको पालो पहरा र रेखदेखको काम जेलरको सामान्य निर्देशन र नियन्त्रणमा हुनेछ ।"

३. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को,-

(१) उपनियम (२) मा रहेका "सो बमोजिमको कपडा श्री ५ को सरकार वादी भएको फौज्दारी मुद्दाका कैदीहरुले लगाउनु पर्छ । सो बाहेक अरु" भन्ने वाक्यांश झिकिएको छ ।

(२) उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर कैदी वा थुनुवाले आफूखुशी लुगा लगाउन चाहेमा स्वीकृत नमूना बमोजिमको लुगाको निमित्त पर्न आउने मूल्य बराबरको रकम त्यस्ता कैदी वा थुनुवालाई दिइनेछ ।"

४. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ मा रहेका "सिधा बाहेक" भन्ने शब्दहरु पछि "सुत्केरी हुनु तीस दिन अघिदेखि" भन्ने शब्दहरु थपिएका छन् ।

५. मूल नियमावलीको नियम २९ मा संशोधनः मूल नियमावलीको नियम २९ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६२५

"(३) उपनियम (१) र (२) मा लेखिएको कैदको सजाय छोट्याउन जेलरले आफ्नो राय साथ प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासन कार्यालय मार्फत कारागार व्यवस्थापन विभागमा पठाउनु पर्नेछ र कारागार व्यवस्थापन विभागले पनि निकासाको लागि गृह मन्त्रालयमा पेश गर्नु पर्नेछ। गृह मन्त्रालयबाट कैदको सजाय छोट्याउने निकासा भएमा कारागार प्रमुखले कैदको लगतमा कट्टा गरी कैदीलाई छोडी दिनु पर्छ।"

६. **मूल नियमावलीको नियम ३१ मा संशोधन:** मूल नियमावलीको नियम ३१ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) उपनियम (१) बमोजिम व्यवस्था गरिएको स्कूलमा यथाशक्य कारागारमा रहेका शिक्षित व्यक्तिहरु मध्येबाट जेलरले योग्य छानी शिक्षकको रुपमा नियुक्ति गर्नेछ। शिक्षकको काम गरे बापत निजलाई मासिक साठी रुपैयाँका दरले पारिश्रमिक दिइनेछ।"

७. **मूल नियमावलीको नियम ३२ मा संशोधन:** मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छ:-

"३२. **प्रशिक्षकको पारिश्रमिक:** (१) कारागारमा रहेका कैदी वा थुनुवाहरुलाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरुबाट गराइनेछ।

(२) प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एक पटकमा एक सय रुपैयाँसम्म दिइनेछ। जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनु पर्नेछ।

८. **मूल नियमावलीको नियम ४३ मा संशोधन:** मूल नियमावलीको नियम ४३ मा रहेको "इलाका डि यस पि" भन्ने शब्दहरुको सट्टा " जिल्ला प्रहरी" भन्ने शब्दहरु राखिएका छन्।

९. **खारेजी:** मूल नियमावलीको नियम २१ र २८ खारेज गरिएका छन्।

१०. **मूल नियमावलीको अनुसूची-३ मा संशोधन:** मूल नियमावलीको अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छ।

अनुसूची-३

(नियम २३ सँग सम्बन्धित)

(क) थुनुवा वा कैदीलाई मोटो चामल ७०० ग्राम र तीस रुपैयाँ ।

स्पष्टीकरण : खण्ड (क) को प्रयोजनको लागि "मोटो चामल" भन्नाले नेपाल खाद्य संस्थानले निर्धारण गरेको मोटो चामलको मूल्यमा प्राप्त हुने चामललाई सम्झनु पर्छ ।

(ख) नावालकलाई:

१. सात महिनादेखि एक वर्षसम्मको लागि चामल १०० ग्राम र दश रुपैयाँ ।

२. एक वर्षदेखि तीन वर्षसम्मको लागि चामल १५० ग्राम र दश रुपैयाँ ।

३. तीन वर्षदेखि पाँच वर्षसम्को लागि चामल २०० ग्राम र दश रुपैयाँ ।

४. पाँच वर्षदेखि माथि सात वर्षसम्मको लागि चामल २५० ग्राम र दश रुपैयाँ ।

५. सात वर्षभन्दा माथि बाह्र वर्षसम्मको लागि चामल ४५० ग्राम र दश रुपैया ।

६. बाह्र वर्षदेखि माथिको लागि चामल ६०० ग्राम र पन्ध्र रुपैयाँ ।

आज्ञाले,

टीकादत्त निरौला

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।